# कोभिड-१९ पछिको खाना र खेतीपाती

✍ सुजाता तामाङ[१], सिन्द्रेला देवान[२] र कृष्णप्रसाद पौडेल[३]

## १. परिचय

अहिले कोभिड-१९को महाव्याधि तथा यसबाट बच्न गरिएको बन्दाबन्दी र एकान्तवासको प्रभावले जनस्वास्थ्यपछि खानाको जोहो सबैभन्दा चिन्ता र चासोको विषय बनेको छ। यसले तत्कालैको खाद्य संकट र भविष्यमा हुन सक्ने यस्ता जोखिमबारे सबैलाई झक्झकाएको छ। मुख्यतः यसबेला कृषिका परम्परागत समस्या र चुनौती सतहमा देखिएका छन्। साथै, केही नयाँ चुनौती र अवसरसमेत उजागर हुँदै अएका छन्।

यस अध्ययनले कोभिड-१९ को खाना र खेतीपातीमा असरका साथै यससँग जोडिएका चुनौती र अवसरको आँकलन गरेको छ। यस लेखमा खाद्य तथा कृषि समूहले[४] नेपालको खाना र खेतीपातीमा कोभिड-१९ को असर चुनौती र यसका अवसरलाई फर्केर हेर्ने कोशिस गरिएको छ। पुराना तथा नयाँ चुनौतीको साथ सम्भावित संकटको सामना गर्न आजै देखि नीतिगत, संस्थागत र कृषिकर्मका अभ्यासमा जुट्न हामीलाई झक्झक्याएको छ। यसमा प्राथमिक रूपमा खानाका लागि गरिने खेतीपाती उन्नत बनाउन कस्ता नीति, रणनीति, तरिका र योजना बनाउन उपयुक्त हुन सक्छन् भन्ने कुरा चर्चा गरिएको छ। खासगरी, खाद्य सुरक्षाको अहं प्रश्नमा केन्द्रित हुँदै यसका लागि जनजीविका, खाना, खेतीपाती, जनस्वास्थ्य, किसान र किसानीसम्बद्ध जनचेतनाका सवालका वरिपरि आलोचनात्मक विश्लेषण गरिएको छ।

यो लेख कोभिड-१९का कारण सृर्जित सन्दर्भ र यससँग सम्बन्धित श्रव्यदृश्य, अनुसन्धानात्मक लेखरचनाको समीक्षा, सरोकार समूहहरुसँगको छलफल, उत्पादन र वितरणको तहमा भएका अभ्यास र सिकाइबारेका खोजका आधारमा तयार पारिएको हो। साथै, यसमा अध्ययनकर्ताहरुको पछिल्लो १० वर्षदेखि नेपालको खाना र खेतीपातीको क्षेत्रमा काम गर्दाका सिकाइहरु र सरोकारवालाको सुझावसमेत समेटिएका छन्।

## २. सन्दर्भः कोभिड–१९ महाव्याधि, खाना र खेतीपाती

नेपालमा बर्सेनि खडेरी, सुख्खा, बाढीपहिरोजस्ता प्राकृतिक प्रकोपले बाली बस्तुभाउ, जनधन र प्रकृतिको क्षति हुन्छ। भूकम्प र छिमेकीको नाकाबन्दीले समेत बेला/बेला संकट थोपर्ने गरेको छ। त्यसैगरी भाइरस र सूक्ष्मजीवका विभिन्नखाले महामारीले पनि बेलाबेला सताउने गरेको इतिहास छ। यी सबै समुदायस्तरमा जनस्वास्थ्य र खाद्य संकटका मुख्य कारकका रूपमा समेत रहेका छन्। भाइरस र सूक्ष्मजीवका कारण सिर्जित संकट अन्य मानवीय संकटभन्दा अलि भिन्न प्रकृतिको हुन्छ। यसको पहिलो र प्रत्यक्ष प्रभाव समुदायको जनस्वास्थ्यमा पर्ने गरेको छ। यससँगै खाना र खेतीपाती यसको कारण, प्रभाव र असरको दोस्रो महत्वपूर्ण क्षेत्र बन्ने गरेको छ।

यस पृथ्वीमा जीव अस्तित्वको सुरुदेखि नै भाइरस र अन्य सूक्ष्मजीव रहेका थिए र अहिले अस्तित्वमा रहेका अन्य सबै प्रजाति र मानिस यिनै सूक्ष्मजीवसँगै सहविकसित (co-evolve) हुँदै आएका हुन् भन्ने आम मान्यता छ। यसपटक फैलिएको कोभिड-१९ नाम दिइएको कोरोना भाइरसको मानव संक्रमण २०७६ मंसिर महिनादेखि चीनको बुहानबाट सुरु भएको हो। यो बिस्तारै युरोप हुँदै विश्वव्यापी रूपमा फैलियो। यो फैलिँदै जादा यसको महामारीबाट जोगिन सजगता

[१,२,३] लेखकहरु फरेष्टएक्सन नेपालमा आवद्ध हुनुहुन्छ (ईमेलः sujata@forestaction.org)।

[४] यो समुह फरेष्टएक्सन नेपालको खाद्य र कृषि सम्बन्धी अनुसन्धान, नीति वकालत र अभियान संचालन गर्ने समुह हो।

अपनाउन उपचारका तयारीसँगै सबैतिर बन्दाबन्दी र एकान्तवासका रणनीति अपनाइयो । यस्तो बन्दाबन्दी र यसलाई अभ्यास गर्ने तयारी, तरिका, कार्यदक्षता र आम मानिसमा फैलिएको त्रास र भयले गर्दा यो निकै त्रासदीपूर्ण बन्यो ।

लगाइएको बन्दाबन्दीका कारण धेरै मानिस अप्ठेरोमा पर्नुका साथै भारत र नेपालबीचको सीमामा हजारौंको संख्यामा अलपत्र परेका थिए । भारतबाहेकका अन्य देसहबाट भने बन्दाबन्दी र नियमित अन्तर्राष्ट्रिय उडान बन्द गरिएकोले बन्दाबन्दीको तीन महिनापछि अशार २०७७ बाट चार्टर्ड उडानमार्फत उद्धार गर्ने काम गरिएको थियो र यो प्रक्रिया यो दस्तावेज तयार गर्दासम्म पनि जारी छ ।

## ३. खाना र खेतीपातीमा कोभिड-१९को प्रभाव तथा असर

कोभिड-१९ ले जनस्वास्थ्यमा मात्र असर गरेन- यसले सिंगो जनजीविकामा समेत असर गर्‍यो । नेपालमा केही समयअगावै (चैत्र ११ देखि विभिन्न चरणमा) बन्दाबन्दी भयो । विशेषतः बन्दाबन्दी घोषणा छोटो समयमै गर्नाले विभिन्न स्थानमा श्रम तथा रोजगारीमा रहेका व्यक्तिलाई समेत देश या गाउँ फर्कन निकै कठिन भएको थियो । सहरकेन्द्रित दैनिक रोजगारीमा रहेका श्रमिक सबै काम ठप्प हुँदा स्वाभाविक रूपमा गाउँ फर्किनुपर्ने भयो । ठूलो संख्यामा सहरमा रहेका व्यक्ति गाउँ फर्किएका थिए । भारतमा रोजगारीमा रहेका परिवारसहितका कतिपय मानिस छोटो समयमा फर्कन नसक्दा भारत र नेपाल दुवै देशमा जारी बन्दाबन्दीका कारण सीमामा अलपत्र परेका थिए । कोभिड-१९ र बन्दाबन्दीको अवस्थामा सबैभन्दा बढी उपेक्षित र मुख्यतः ग्रामीण भेगमा खेतीपातीका श्रमिक, किसानी गर्ने महिला, बालबालिका, दलित, जनजाति, सडकमा रहेका मानिस, सहरीया श्रमिक, मजदुर, साना व्यापारी र उद्यमी रहेका छन् । यसरी छेउ परेका मानिस नै भविष्यमा पनि खाद्य संकटका दृश्यले झनै अप्ठेरोमा पर्ने देखिन्छ । संयुक्त राष्ट्रसंघले समेत कोभिड-१९ ले लाखौंको संख्यामा पहिले नै खाद्य असुरक्षाको जोखिममा भएका मानिसको खाद्य सुरक्षामा अझै असर पर्ने भनेको छ (UN 2020)।

हुनत यस्तो बन्दाबन्दी कोभिड-१९ प्रभावित सबै क्षेत्रमा भएको र किसानको खेतबारीमा यस वर्षको खाद्यान्न उत्पादनको आँकलन भइनसकेको अवस्थामा भविष्यको कृषि उत्पादनको अवस्था के हुन्छ भन्ने तथ्यगत आधार प्रस्तुत गर्न सकिएन । तर प्रारम्भिक आँकडाले बेच्नका लागि उत्पादन गरिने कृषि उपज घट्ने तथ्यांकहरु देखिएका छन् । खासगरी यसमा श्रमिक, कृषि सामग्रीको अभाव र बजारको अनिश्चितताले खाद्य उत्पादन घट्न जाने देखिएको हो ।

नेपालको कृषि तथ्यांक भरपर्दो नभएको र यस्तो बन्दाबन्दीको बेला यस्ता तथ्यांक लिनसमेत नसकिने अवस्थामा यसबारेका आँकलन अनुभव र अन्दाजमा गरिएका छन् । दाबी गर्न नसकिए पनि खेतीपातीका लागि आवश्यक सामग्री तथा खेतबारी र बस्तुभाउको काम गर्न नपाउँदा उत्पादन घट्ने कुरा अनुमान गर्न सकिन्छ । आयात गरिने छिमेकी देशका खेतबारी र पशुबस्तु उत्पादनमा पनि यसको प्रभाव उस्तै भएको सन्दर्भमा आयातित खाद्यान्नमा कमी आउन सक्ने कुरालाई बेवास्ता गर्न सकिँदैन । साथै यसले खानेकुरा महँगो हुने र यसको प्रत्यक्ष मारमा कम आम्दानी भएका श्रमिक तथा साना उद्यमी पर्दछन् ।

कोभिड-१९ को महामारीले सबैतिर दैनिक उपभोगका सामान खासगरी खानेकुराको आपूर्तिमा ठूलो असर परेको छ । यसो हुनुको पछाडि मुख्य तीनवटा कारण छन् । पहिलो, सहरी क्षेत्रका मानिस बाहिरबाट आयातित खानेकुरामा पूरै निर्भर भएका छन् । घरायसी उपयोगका लागि सजिलै उत्पादन लिन सकिने तरकारीजन्य उत्पादन गर्नसमेत पर्याप्त ध्यान दिने गरिएको छैन । साथै बाहिरबाट आउने खानेकुराको वितरण प्रभावकारी छैन ।

दोस्रो सहरी क्षेत्रका दैनिक ज्यालादारीका श्रमिकको रोजगारी गुमेसँगै किनेर खान पर्याप्त पैसा भएन । सूर्य ब. तामाङ र मलार सदाको[५] मृत्युबारे सञ्चारमाध्यममा आएको खबर भोकमरीको अवस्थाको बिम्ब बनेको थियो । उनीहरु गाउँ फर्कने तयारीसँगै यसले वितरण र आपूर्ति प्रणाली प्रभावित भयो । खासगरी, खाद्य अभावको मनोविज्ञानलाई थप बढायो । यसले यिनका आश्रित केटाकेटीदेखि यिनका परिवारले रेखदेख गरेका सहरका बिरामी र पाका मानिसको दिनचर्यासमेत प्रभावित भयो ।

तेस्रो, बन्दाबन्दीका कारण बाहिरबाट आउने खाद्यन्नमा कमी हुँदा पछि हुने अप्ठेरो टार्न भन्दै धेरै किनेर राख्ने सोचले बजारमा कृत्रिम अभाव बढ्नुको साथै महँगी बढ्यो ।

यी सबै कुराले कोरोना भाइरसको महामारीले रोग फैलिने र भोकमरी हुन सक्ने त्रास बढायो । तर सँगै यस्तो भोकमरीको सामना गर्न तयार हुने विवेकसमेत सँगसँगै बढेको देखियो । यस्तो प्रयास गर्नेमा सहर र यसवरिपरि बस्ने गाउँबाट आएका विपन्न परिवारका महिला, दलित, आदिवासि र जनजाति सक्रिय देखिएका थिए ।

यसको विस्तार छिट्टै गाउँसम्म पुग्यो । सहरी रोजगारीका लागि गाउँबाट आएको श्रमिक समुदाय काम नभएपछि गाउँ फर्किन खोज्यो । यसलाई थुनछेक गर्दा यिनको पेट पाल्ने प्रश्न उठ्नु स्वाभाविक थियो । साथै ठूलो संख्यामा भारत र अन्य मुलुकमा रहेका नेपाली गाउँ फर्किन थाले । यी दुवै कुराले किनेर आयातित खाद्यान्नमा पूर्ण निर्भर सहरिया मानिसमा खाद्य संकटको मानसिक त्रास फैलियो ।

यस्तो बन्दाबन्दीको बेला खेतीपातीको काम गर्न नपाइने र बाली भित्र्याउने र लगाउने समय घर्किंदै गएको, काँठमा उत्पादित कृषि उपज बजारमा बेच्न असहज भएको र भारतीय बन्दाबन्दीले आयात नहुने कुरा बुझेको जागरुक वर्ग झनै आतंकित देखियो ।

रसायन विषादीका कारण बिग्रँदो प्रकृति, वातावरणीय ह्रासले निम्त्याएको जलवायु परिवर्तन र खेतीपातीबाट पर्याप्त आम्दानी नहुँदा बिदेसिएको किसान समुदाय र बाँझो जमिन, निरन्तर बढ्दो आयातले खाद्यसंकट नजिकिंदै गरेको आभास भइरहेका बेला कोरोनाका कारणले उत्पादन घट्ने, गरिबी तथा बेरोजगारी बढ्ने अनि समयमै उत्पादन एवं वितरणमा जोड नदिए स्थिति भयावह हुने कुरा राष्ट्रिय/अन्तर्राष्ट्रिय सञ्चारमाध्यम र सामाजिक सञ्जालमा दिनदिनै थपियो । यस्ता खबरको झनै उत्ताउलो विज्ञापन गर्ने सरकार र सञ्चारमाध्यमले गाउँघरसम्म नै स्थितिलाई झनै आतंकित बनाए ।

कोभिड-१९ ठाउँविशेषको तहमा समेत फरक/फरक प्रभाव पर्‍यो । विशेषगरी सधै खाद्यान्न अभाव, कुपोषण, अभाव र रोगको महामारीको आतंक झेलेको कर्णाली क्षेत्रमा कोरोना रोगको अनिश्चितताले यस रोगबाट भन्दा पनि सर्वसाधारणमा खाद्य संकटको चिन्ता र डर उत्पन्न भयो । कर्णालीमा धेरै जनसंख्याको कृषि वर्षभरि खान नपुग्ने छ ।

तल यसका मुख्य आयाममा परेका प्रभावबारे छोटो चर्चा गरिएको छ ।

### ३.१ श्रमिक र श्रम बजार

जनस्वास्थ्य र खानापछि कोरोना महामारीको ठूलो प्रभाव रोजगारीको क्षेत्रमा देखिएको छ। आन्तरिक

[५] किर्तिपुरमा भारी बोकेर गुजारा गर्दै आएका तामाङ बन्दाबन्दी सुरु भएको २ महिना पछि जेठ १० गते किर्तिपुरको सडकमा मृत भेटिएको थियो । तामाङ केही समय देखि कोठा भाडा तिर्न नसकेर पार्टीमा बस्दै आएका थिए । त्यसैगरी विराटनगरमा काम गर्दै गरेका सप्तरीका सदा कामको ज्याला नपाएपछि खाली हात बन्दाबन्दीको समयमा १२० किलोमिटर हिडेर खाली हात घर फर्केका थिए । घर फर्केको एक महिना पछि जेठ ५ गते ५ दिन सम्म भोकै रहेको र भोकका कारण मुत्यु भएको परिवारले बताएका थिए ।
https://www.setopati.com/social/207139,
https://kathmandupost.com/province-no-2/2020/06/04/the-lockdown-is-killing-the-poor-and-the-marginalised

रूपमा सहरिया र औद्योगिक श्रमिक विस्थापन भएका छन् । त्यस्तै रोजगारीका लागि मौसमी बसाइसराइमा भारतका विभिन्न गाउँ र सहर जाने पश्चिम नेपाल तथा तराईका श्रमिकको रोजगारी गुमेको छ । कतिपय सहरी क्षेत्रमा गरिएको निषेधाज्ञाले उनीहरुको दैनिकी नै खल्बलिएको थियो । उदाहरणका लागि, भारत उत्तराखण्डको पिथौरागढ सहर केन्द्रमा १५ हजारभन्दा बढी नेपाली कामदार भोकभोकै रहेको र त्यहाँका समाजसेवीले उद्धार गरेका थिए[६] ।

भारतबाट मात्रै २०७७ जेठ महिनासम्म सात लाख ५० हजार रोजगारीमा गएका श्रमिक फर्किसकेको पाइएको छ[७] भने यो संख्या १० लाखभन्दा बढी हुने अनुमान गरिएको छ । अझै धेरै फर्किने तयारीमा रहेको समेत अनुमान गरिएको छ । त्यस्तै पछिल्लो चरणमा खाडी तथा अन्य मुलुकबाट दैनिक हजारौंको संख्यामा नेपाल भित्रिएका छन् । यीमध्ये धेरैले परिस्थिति अनुकूल भएमा नेपालमै अवसर खोज्न चाहेको बताउने गरेको कुरा सञ्चारमाध्यममा प्रशस्तै भेटिन्छन् । यी सबैका लागि रोजगारी र आम्दानी जोखिममा परेको छ । साथै यिनले भित्र्याउने विप्रेषणले खानाको बन्दोबस्त र घरबार चलाउने परिवारसमेत जोखिममा देखिन्छ । यसले हाम्रो खाना र खेतीपातीलाई गहिरो प्रभाव पार्ने देखिएको छ ।

सहरमा कलकारखाना, उद्योग, व्यवसाय बन्द भएपछि दैनिक ज्यालादारी गरेर जीवन निर्वाह गर्ने श्रमिक गाउँ फर्किए । यसका कारण सहरी क्षेत्रमा उनीहरु र उनका परिवारका अन्य सदस्यले गर्दै आएको आंशिक सेवा प्रवाह अवरुद्ध भयो । यसले सहरी क्षेत्रमा श्रम अभाव हुनुका साथै उपलब्ध श्रमिक खाली बस्नुपर्‍यो । बन्दाबन्दी खुलेपछि ती श्रमिक र तिनका परिवार सहर फर्किने या नफर्किने कुराले सहरी क्षेत्रको अनौपचारिक श्रम बजार प्रभावित हुने देखिन्छ ।

त्यसैगरी खाडी तथा अन्य मुलुकबाट पनि धेरै कामदार फर्किने क्रममा छन् । यी मुलुकबाट पनि चार लाखभन्दा बढी रोजगारीमा गएका व्यक्ति फर्कने आँकलन गरिएको छ[८] । यस्ता मुलुकबाट कामदार फर्कदा श्रम साथै सीपसमेत लिएर आउने सम्भावना छ । तर यसबाट आउने विप्रेषणमा हुने कमी र हाम्रो श्रम बजारमा थपिने श्रमशक्तिको व्यवस्थापन चुनौतीपूर्ण छ । ठूलो संख्याको खपत गर्ने क्षेत्र कृषिलाई व्यवस्थित गर्ने खासगरी बाँझो जमिनको उपयोग गर्ने दीर्घकालीन सोच बनाउन सके यो श्रमको सदुपयोग र श्रम बजार सन्तुलित हुने देखिन्छ ।

## ३.२ उत्पादनका सामग्रीको उपलब्धता

बन्दाबन्दीका कारण खेतीपातीका लागि आवश्यक सामग्री र सेवाको उपलब्धतामा निकै ठूलो प्रभाव परेको छ । यातायात र ढुवानीका साधन सञ्चालनमा अवरोध भएसँगै यिनको सामग्रीको आपूर्ति घट्यो भने सरकारी, बैकिङ, प्राविधिक सेवासमेत प्रभावित भए । समयमा मल, बिउ, बोट बिरुवा, चल्ला, कृत्रिम गर्भाधान, विषादी र साना तथा ठूला कृषि औजार उपलब्ध हुन सकेनन् । यति नै बेला तराईमा गहुँ थन्क्याउने बेला भएको थियो । गहुँ चुट्नको लागि प्रयोग गरिने थ्रेसरको अभाव खड्केको थियो ।

यस्ता सामग्रीको बजार र किनबेच घट्न अनि आफूखुसी बढ्सँगै कालो बजारीसमेत बढेको छ । तर यसको केही सकारात्मक प्रभाव पनि सँगै देखिएको छ । खासगरी, बिउ जोगाउने र गोठे मल, कम्पोष्ट मल स्थानीय जडिबुटी र रोग अनि किरा नियन्त्रणको उपायको ज्ञान एवं सीपको मागसमेत बढ्यो । गाउँघरमा ऐंचोपैंचो र आपसी लेनदेनको परम्परागत प्रचलन र स्थानीय सामग्री तथा सेवाको उपयोग बढेको देखियो । यस्ता आपसी सहकार्य र लेनदेनले खेतीपातीमा सहकार्य र सहकारिताको प्रभावसमेत देखियो ।

---

[६] पिथौरागढमा रहेकाश्रमिकहरुको उद्धारमा संलग्न अभियन्ता तथा सामाजिक संघ संस्थामा कार्यरता कार्यकर्तासग भएको कुराकानीका आधारमा ।

[७] कान्तिपुर दैनिक (जेठ २७, २०७७) भारतबाट फर्किए साडे ७ लाख

[८] Kathmandu post (21 May 2020) https://tkpo.st/3e66VlA

### ३.३ उत्पादन र उपभोगको अवस्था

यस भाइरसको संक्रमण र यसका जनस्वास्थ्यमा पर्ने अन्योलसँगै बन्दाबन्दीमा भएको कडाइले कोरोनाको त्रास समुदायस्तरमा झनै व्यापक भयो । सामाजिक दूरी कायम गर्ने उर्दीले किसानले अन्नपात भित्र्याउनसमेत खेतबारीमा जाने आँट गरेनन् । यातायातका साधन नभएकै कारण कृषि मजदुरको हिँडडुल प्रभावित भयो । कतिपय अवस्थामा किसानका टिप्न तयार फसल, बजार लैजाने अवस्थाका फलफूल र तरकारी बारीमै रहे । माछा, कुखुरा, खसी, बोका, बंगुरलाई घास तथा दानापानीको थप खर्च गरी पाल्नुपर्ने अवस्था भयो ।

दूध, अण्डा, ब्रोइलर, मौसमी फलफूल र ताजा तरकारीले बजार पाउन सकेनन् । यस्तो स्थितिमा ठूलो लगानीमा व्यावसायिक खेती गर्ने किसान अतालिनु स्वाभाविक थियो । यसको प्रभावस्वरूप आम उपभोगका लागि आवश्यक खानेकुराको अभाव भयो । बाहिरबाट आउने उपजको मूल्य बढ्यो भने स्थानीय उत्पादन सस्तोमा नै पाउने अवस्था बन्यो । नगदे कृषि उपज जस्तै, अदुवा, अलैंची, कफी बजारसमेत प्रभावित भयो ।

यससँगै खेतीपातीमा रेखदेख नपुग्दा जंगली जनावरबाट हुने नोक्सानी बढ्यो भने रोगकिराको समेत उपचार हुन नसक्दा बालीनाली र पशुपक्षीका नोक्सान बेहोर्नुपर्‍यो । बजारबाट किनेर खानेकुरा र यस्ता खानेकुराबारे बनेको मध्यमवर्गीय चिन्तन र पैसाका बलमा यसको जगेर्ना गर्ने मध्यमवर्गीय चरित्र पनि उदांगो भयो । यसले पैसा भएका तर सद्भाव गुमाएका मानिसको स्वभाव र सचेतनासमेत उजागर भयो । स्थानीय खानेकुराको खपत बढ्यो र यस्ता खानेकुरा खानुपर्ने जिकिर र बहस पनि सँगै बढे । किनेर खाने उपभोक्ताको किन्ने क्षमता घटेसँगै केही महँगा खासगरी मासु र दुग्धजन्य खानेकुराको विक्रीसमेत घट्यो ।

### ३.४ आयातित खाद्यान्न

अपर्झट भएको बन्दाबन्दी र सीमित यातायातले गर्दा आयातित खाद्यान्नको उपलब्धता सहज नहुने त्रास बढ्यो । सहरी क्षेत्रमा खाद्यान्नको वितरण प्रणाली स्थानीय उत्पादनमैत्री नभएको कुरा यसपालिको बन्दाबन्दीमा देखियो । बन्दाबन्दीकै समयमा पनि भारतबाट मात्रै पनि पाँच अरबको तरकारी नेपाल भित्रियो । यो परिस्थिति तत्कालै वितरण प्रणालीमा सुधार नगरे आयात रोकिने देखिँदैन । यसले सहरमा खाद्य वितरणमा बिचौलियाको एकाधिकार रहेसम्म स्थानीय उत्पादन उपभोगमा नआउने र सहरीया उपभोक्ताले महँगोमा किन्नुपर्ने देखिन्छ । बन्दाबन्दीको सुरुवातमा तरकारीको मूल्य ५० देखि शत प्रतिशतसम्म बढेको देखिन्छ[९] ।

कोभिडका कारणले उत्पन्न खाद्य संकटलाई सम्बोधन गर्ने वैकल्पिक तरिका अर्थात् खाद्य उत्पादनको स्थानीयकरण गर्ने दृष्टिकोण वा ढाँचा नबनेसम्म यस्तो आयात रोकिने देखिँदैन । बन्दाबन्दीमा वितरण प्रणाली केन्द्रीकृत हुँदा स्थानीय उत्पादन खेर गइराख्दा पनि आयातित तरकारी भित्रिरहयो त्यसैगरी कोभिड-१९ पछि वातावरण सहज बन्दै जाँदा पहिलेजस्तै आयात भइरहने र स्थानीय उत्पादन प्रक्रिया फेरि कमजोर हुने देखिन्छ ।

### ३.५ प्रशोधन, भण्डारण र बजार

साना कुटिर उद्योग र प्रशोधन अनि र प्याकेजिङ गर्ने काम प्रभावित भए । स्थानीय कृषि सहकारीमार्फत हुने कृषि उपज संकलन केन्द्र र बजार व्यवस्थापन प्रणाली प्रभावित भयो । शीत भण्डारण र अन्य आवश्यक पूर्वाधार नहुँदा स्थानीय कृषि उत्पादनको भण्डारण हुन सकेन । यो समस्या तत्कालै समाधान हुने देखिँदैन । यस्ता शीत भण्डारको निर्माण गर्न सरकारले अनुदान उपलब्ध गराए पनि अहिले यस्ता काम हुन सकेका छैनन् । स्थानीय तहमा हुने प्रारम्भिक प्रशोधन सहरी क्षेत्रमा अधिकांश केन्द्रित छन् । महामारी र बन्दाबन्दीका कारणले यस्ता उद्यम सञ्चालनमा बाधा भएसँगै यिनको सञ्चालन हुने कुरा र खानेकुरा प्रशोधन गर्ने कुरा तत्कालै सुरु हुने देखिँदैन । सहरको यो सन्दर्भले

[९] अनलाइन खबर (साउन १५ २०७७) https://www.onlinekhabar.com/2020/07/885769

कृषि उत्पादनमा संलग्न किसान समुदायले प्रारम्भिक प्रशोधनलाई आफ्नो खेती प्रणालीको एउटा महत्वपूर्ण हिस्सा बनाउनुपर्ने देखियो ।

केन्द्रीकृत एकाधिकार बजारको विकल्पमा स्थानीय अर्थतन्त्र प्रवर्धन गर्ने विकेन्द्रित बजारको ढाँचा र त्यस्तो बजारमा किसान समूह र सहकारीको पहुँच विकल्पको रूपमा लिनुपर्ने कुरा उजागर भयो । साथै खेतीपातीको ढाँचा विचार गर्दा आयात प्रतिष्थापन र स्थानीय उत्पादनको बजार व्यवस्थापन खाद्य सुरक्षाको महत्वपूर्ण उपाय हुनेकुरा स्पष्ट भयो । यसले अहिलेको उत्पादन र वितरण प्रणालीमा भएका कमीकमजोरी उजागर गर्न सघायो । साथै, समूह सहकारीको महत्व उजागर भयो । यस्ता कृषि उपजको वितरण प्रणालीलाई बिचौलियाले कब्जामा राखेर आफूखुसी गरिरहेको समेत स्पष्ट भयो ।

## ३.६ सन्तुलित जलवायु र वातावरणीय सुधार

बन्दाबन्दी, क्वारेन्टाइन, एकान्तवासजस्ता कुराले अस्थायी रूपमै भए पनि वातावरणमा सकारात्मक प्रभाव परेको कुरा अनुसन्धानमा देखिएको छ *(Mohamed et al. 2020)* । यससँगै यसको बहस सामुदायिक स्तरमा साथै सञ्चारमाध्यममा समेत उठेको थियो । वर्षा, तापक्रम, हावापानी, मौसममा फेरबदल र सुधार भएको सबैले अनुभव गरेको कुरा सञ्चारमाध्यमहरुमा पनि आएको थियो । धेरै वर्षपछि देशका विभिन्न ठाउँबाट स्पष्टसँग हिमाल देख्न सकिएको, चराचुरुङ्गी, किराफट्यांग्रा, जंगली जनावर र हरियाली बढेको छ। वातावरण स्वच्छ भएको छ। सहरी क्षेत्रमा प्रदूषण घटेको छ। यो वर्ष नेपालको सबैजसो क्षेत्रमा अरु वर्षमा भन्दा बढी वर्षा भएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ[१०]। यससँगै विभिन्न ठाउँमा बाढी,पहिरो र डुबान हुन गई घरबार, खेतीपाती र धनजनको क्षति भएको छ ।

## ३.७ थप संकटः फौजी किरा, सलह, बाढी पहिरो र डुबान

यसै बेला नेपालले खेतीपातीमा अन्य संकटसमेत सामना गऱ्यो । अघिल्लो वर्षायामदेखि नै देखा परेको अमेरिकन फौजी किरा यसपालि पनि झनै नोक्सान गरेर धेरै जिल्लामा देखा पऱ्यो । मकै बाली हुने लगभग सबै ठाउँमा यो किराले नोक्सान गऱ्यो। यसबाट ठूलो परिणाममा मकैको उत्पादन घट्ने अनुमानसमेत गरिएको छ ।

त्यसैगरी कोभिड-१९ कै समयमा भारतबाट सलह किरा नेपालका तराईका विभिन्न जिल्लामा प्रवेश गऱ्यो । यो सानो झुण्डमा केही मध्यपहाडी जिल्लामा र माथिल्लो कर्णालीमा समेत देखा पऱ्यो। तर धेरै क्षति नहुँदै अहिले यो सलह मासिएको छ। पटक/पटक स/सानो झुण्डमा आएको सलहले त्रास फैलाएजस्तै बालीको विनाश त गरेन- तर यसवरिपरि भएका असुरक्षाका र समाधानका पूर्व तयारीले भने यस्ता विपत्तिको सामना गर्ने हाम्रो दृष्टिकोणको दायरा फर्केर हेर्नुपर्ने र यसबाट पाठ सिक्नुपर्ने देखियो ।

## ३.८ उत्पादन र खेतीपातीका चुनौती तथा अवसर

सुरुवातमा भाइरसको संक्रमणबाट जोगिनु प्राथमिकता भए पनि समयमा खेतीपाती लगाउन नपाउनु, बिउ तथा सामग्री जोहो गर्न नपाउनुले भविष्यको उत्पादन र खानेकुराको उपलब्धतामा व्यापक असर गर्ने देखिन्छ । हिउँदे बाली भित्र्याउने, वर्षे बाली लगाउने र मौसमी पात्रोअनुसार सबैभन्दा बढी उत्पादन हुने र मुख्य खानेकुराको जोहो गर्ने बेलामा बन्दाबन्दी भयो । यो अवस्थाले अझै बढी व्यावसायिक र सघन खेतीपाती गर्ने किसानलाई मार पऱ्यो किनभने यस्ता व्यावसायिक र सघन खेतीपाती बाह्य स्रोतमा बढी निर्भर छन् ।

[१०] Nepal Times (22 July 2020) https://www.nepalitimes.com/latest/heavier-than-usual-monsoon-in-nepal/

यसले मुख्यतः तत्कालै गुणस्तरीय र पोषिलो खानेकुरा खान नपाउने जोखिम बढाउँछ भने दीर्घकालमा खाद्य सुरक्षामा ठूलो प्रभाव पार्छ। खेतीपाती पलायन हुँदै जादा खाद्य अधिकार संकुचित हुन्छ भने खाद्य सम्प्रभुता कागजमा मात्र सीमित हुन्छ। उत्पादन बढाउन भन्दै ऋण, अनुदान, वीमा र सहुलियत जथाभावी वितरण गरिने र बिउ, रसायन र विषादीको व्यापार बढ्छ। माटो र खाना विषाक्त भएर मानव स्वास्थ्यको जोखिम अझै बढ्दै जान्छ।

## ३.९ खानेकुरा र खेतीपातीमा देखिएका चुनौती र अवसर

| **आयाम** | **चूनौती** | **अवसर** |
|---|---|---|
| उत्पादनको पूर्व तयारी | उत्पादनका साधन (जमिन, श्रमिक र सामग्री) को उपलब्धता<br>स्थानीय प्रविधि स्तरीकरण | पर्याप्त बाँझो जमिन<br>बेरोजगार, जनशक्ति, विविध उपयूक्त स्थानीय प्रविधि |
| उत्पादन प्रक्रिया | उत्पादन, उत्पादन सामग्री, श्रमिक, रोगकिरा नियन्त्रण,<br>उत्पादन गर्न खेतबारीमा जान समस्या<br>मल, बिउ र आवश्यक सामग्री व्यवस्था<br>गाडी बन्दका कारण किसानका उत्पादनलाई बजारसम्म लैजान नसक्दा उत्पादित तरकारी बारीमै कुहिने अवस्था<br>व्यावसायिक रूपमा सञ्चालन भएका कृषि तथा पशु व्यवसाय, तरकारी तथा फूल खेतीलाई उत्पादित उत्पादन सहज रूपमा विक्रीवितरण नभएका कारण नोक्सान भएको | बाह्य सामग्री अभावसँगै मानिसमा जैविक खेतीपातीकोको चेतना बढेको छ<br>बाँझो र खाली ठाउँको सदुपयोग<br>खानेकुराका लागि खेतीपाती गर्नु महत्वपूर्ण रहेछ भन्ने महशुस<br>खाद्य संकट हुन्छ कि भनी मानिसहरुले खेती सुरु गरेसँगै खेतीको मर्म बुझे |
| भण्डारण प्रशोधन र बजार | भण्डारन, प्रशोधन र बजारीकरण, वितरणमा अप्ठ्यारो<br>बाली थन्काउन, प्रारम्भिक प्रशोधन, ढूवानी तथा वितरण गर्नमा असहजता | स्थानीय उत्पादनलाई जोड, रैथाने खाद्यान्न खोजी/खोजी खान थालेको |
| उपभोग | खानपानको तरिका र संस्कृतिमा ह्रास | भान्सामा विविधता |
| नीतिगत परमार्जन तथा नवीनतम खोज | बाझिएका नीति र नीतिगत समन्वय<br>खाना, खेतीपाती उत्पादन र वितरणका बाहेक अन्य मूल्य श्रृंखलाका आयाममा समन्वय र सहकार्यको अभाव<br>प्राथमिकतामा अनूसन्धान | नीतिगत परिवर्तनको सान्दर्भिकता, वैकल्पिक खाद्य र कृषि प्रणालीको आवश्यकता बोध |

## ४. छलफल तथा निष्कर्ष

अर्थशास्त्री रोर्बट हेलब्रोनरले भनेझैं प्रकृति जोगाउन र मानवीय त्रुटि सच्याउन मानिसले मनभित्रबाट लिएर आफ्नो व्यवहार नर्फेने हो भने सचेत प्रयासबाट हैन- बाह्य शक्ति र घटनाले, हिसाब गरेर हैन बर्बाद गरेर प्रकृतिले आफैं सच्याउँछ। कोभिड-१९को कारणले देखिएको खाद्य संकटले उनको यो भनाइलाई थप सान्दर्भिक बनाएको छ। खासगरी बन्दाबन्दीको कारणले उत्पन्न मानवीय संकट र वातावरणमा आएको सुधार यसको बलियो उदाहरण हो।

कोभिड-१९ले जनस्वास्थ्यपछि खानेकुरा र खेतीपाती सबैभन्दा बढी प्रभावित भएको छ। यसको तत्कालीन प्रभाव खानेकुराको मौज्दात र वितरणमा देखियो। सम्भावित खाद्य संकटको आभास भएसँगै खेतीपातीमा नै फर्कन पर्ने कुराबारे व्यापक चासो र चिन्ता बढ्यो। साथै, बन्दाबन्दीको सुरुतिरै खाद्य उपजको आयात घट्ने, काँठ र सहरी क्षेत्रमा खानेकुराको अभाव हुने र महँगी बढ्दै जाने आँकलन थियो तर खेतीपातीतर्फ फर्किने जनलहरसँगै सहर, काँठ र गाउँघरमा तरकारी लगाउने अभ्यास बढेसँगै स्थानीय बजारमा तरकारीको बजार भाउ बन्दाबन्दीको सुरुतिर आँकलन गरेजस्तै बढेको देखिएन।

यससँगै, व्यावसायिक हुने नाममा गरिने कृषि उपजको व्यापारको मन्दी देखियो। प्रचलित र परम्परागत कृषि प्रणालीको विकल्प खोज्नुपर्ने कुराको व्यापक चर्चा/परिचर्चा भयो। यसले स्थानीय विशेषतामा आधारित जैविक खेतीपाती प्रवर्धनको आवश्यकता र औचित्य पुनः पुष्टि भयो।

कोभिड-१९को महामारीले खाद्यान्न उत्पादन र जगेर्ना गर्ने महत्वपूर्ण समय खासगरी गहुँ र अन्य हिउँदे बाली थन्क्याउने र बर्षे बाली लगाउने व्यापक असर गऱ्यो। यसले भविष्यमा कस्तो उत्पादन प्रणाली अपनाएर कस्ता कृषि उपज उत्पादन गर्ने भन्ने प्रश्न झनै सान्दर्भिक बनायो। साथै यी उत्पादनको अब हुने वितरण र उपभोगको संस्कृति कस्तो हुनुपर्छ भन्ने कुराको समेत बहस निम्त्यायो। यो एकतरहले भविष्यमा आउने सम्भावित खाद्य संकटको अवस्था के/कस्तो कुरामा ध्यान दिनुपर्छ भन्ने कुरालाई पर्केर हेर्ने मौका बन्यो।

यसका साथै सम्भावित आर्थिक मन्दी, रोजगारीको अवसर, बाह्य सहयोग र आयातनिर्यातको अवस्थामा समेत उचित ध्यान दिनुपर्ने कुरामा सचेत बनायो। साथै जलवायु परिवर्तन र वातावरणीय ह्रासको सम्बोधनसँगै हामीले खेतीपातीलाई हेर्ने समग्र दृष्टिकोणमा ल्याउने फेरबदल र लिने बाटो र संयन्त्रबारेसमेत घोत्लिनुपर्ने कुराको आभास गरायो।

यी सबै कुरा विचार गर्दा हामीलाई कृषि उत्पादनको अनिश्चितता र खाद्य संकटको जोखिम छ र यो अझ बढ्ने सम्भावना झनै बढेको छ भन्ने पर्याप्त आधार छन्। यीमध्ये हाम्रो साबिकको उत्पादन २५ प्रतिशतले अपुग थियो र खाद्यान्न चाहिने जनसंख्या अहिले झनै बढेको सन्दर्भमा आयात अझै बढाउनुपर्ने कुरातर्फ नै इंगित गर्छ। साथै खाडी मुलुकमा रहेका व्यक्तिमध्ये धेरैले रोजगारी गुमाउँदा र केही संख्यामा डरका कारण परिवारका सदस्य स्वदेश फर्कदैछन्। यसको असर घरव्यवहार चलाउनमात्र होइन- देशकै अर्थतन्त्रमा समेत पर्नेछ।

यसले विप्रषणमा निर्भर धेरै परिवारलाई खाद्यान्न संकट व्योहोर्नुपर्ने देखिन्छ। फर्केका मानिस फेरि वैदेशिक रोजगारीमा जालान् या यहीं अन्य क्षेत्रको रोजगारी या कृषि क्षेत्रमा लाग्लान् तर त्यसै पनि रोजगारी उपलब्ध गराउन सरकारले नसकिरहेको अहिलेको परिवेशमा तत्कालै यो व्यवस्थापन गर्न सक्ला भन्ने पनि देखिन्न। संसारभरि नै आर्थिक मन्दी हुन सक्ने आँकलन भइरहेको छ। त्यसबाट नेपाल पनि टाढा रहँदैन। कोभिड-१९को कारणले हाम्रो आफ्नै आर्थिक बृद्धिदर घट्ने प्रक्षेपणसमेत भएको छ। स्वभावतः आर्थिक मन्दी भई आर्थिक वृद्धिद्धर घट्दा व्यापारव्यवसाय बन्द हुने, आम नागरिकको आम्दानी घट्न गई मूलतः सहरवासी नागरिकको खाद्यान्न पूर्ण रूपमा व्यवस्था गर्न नसक्ने सम्भावना पनि हुन सक्छ।

बाह्य सहयोगमा भर पर्ने मुलुक साथै आयातमा समेत मुख्यतः भारत र अन्य केही देशमा निर्भर रहेको अवस्थामा अन्य देशले आपूर्ति कति सहज गर्नेछ र कति आर्थिक सहयोग कटौती गर्नेछ भन्ने अन्दाज अहिले गर्न सकिँदैन । तर खानेकुराबारे बढेको जागरण र यसमा भएको व्यापारीकरणले निम्त्याएको खेतीपातीको संकटबाट सबैले पाठ सिकिरहेको सन्दर्भमा यसको व्यापार पुरानै अवस्थामा भइरहने छ भन्नु त्यति उपयुक्त हुँदैन ।

तसर्थ, हामी सबै तत्कालीन, संक्रमणकालीन र दीर्घकालीन खानाका लागि कृषि सपार्ने काममा लाग्नुपर्नेछ । यसको अगुवाइ सरकारले गर्नुपर्छ । खानाको व्यवस्था गर्न खानाको वितरणलाई प्रभावकारी बनाउन र सामुदायिक स्तरमा उपलब्ध खानेकुराको व्यस्थापनमा स्थानीय सरकार र समुदाय परिचालन गर्ने, यसका लागि सबै तहमा आधारभूत सुरक्षा व्यवस्थासहित खाद्य सुरक्षा प्रणाली सशक्त बनाउने काम तत्कालै सुरु गर्ने व्यवस्था मिलाउनुपर्छ । यसका लागि सरकारले सकेसम्म खाद्यवस्तु उत्पादन गर्ने काम सुरुवात गर्न किसानलाई उत्प्रेरित गर्नुपर्छ । साथै अहिलेसम्म कति खाद्यान्न सञ्चित छ या वितरण प्रणाली कस्तो हुँदा माथि भनिएजस्तो छेउमा परेका समूह छुट्दैनन् भन्ने स्पष्ट योजना बनाउनुपर्छ ।

यससँगै दिगो कृषि प्रणाली अपनाउँदै संक्रमणकालीन र दीर्घकालीन रूपमा खानाको जोहो गर्ने, किसानको आम्दानी बढाउने र जीवनयापनको सहजतामा ध्यान दिनुपर्नेछ । यसका लागि बिउ संरक्षण, किसानलाई खेती गर्ने जमिन उपलब्ध गराउने र आवश्यक कृषि सामग्री र सेवाको बन्दोबस्त गर्ने व्यवस्था गर्नुपर्छ । यसका लागि संघीय सरकारले स्थानीय तह र प्रदेश सरकारलाई रणनैतिक ढाँचासहितको नीतिगत सुझाव तत्कालै उपलब्ध गराउने, प्रदेश सरकारले आवश्यक स्रोत, कृषि प्राविधिक सेवा र सामग्रीको बन्दोबस्त मिलाउने जिम्मेवारी दिनुपर्छ । स्थानीय सरकारले सबै सरोकारवाला परिचालन गरी खाना र खेतीपातीको जोहो गर्न अभ्यास थाल्नुपर्छ । साथै स्थानीय तहमा उत्पादन सहकार्य र सहकारिता, स्थानीय बजार र उपभोग चेतना विस्तार गर्न गाउँस्तरमा खाद्यका लागि खानेकुराको अभियान सञ्चालन गरिनुपर्छ ।

कृषि शिक्षा र अनुसन्धानलाई यही अल्पकालीन रणनैतिक योजनामा समेत काम गर्न लगाउँदै दीर्घकालीन समाधान खोज्न क्षेत्रीय, अन्तर्देशीय तथा अन्तर्राष्ट्रिय सहकार्य बढाउन सहजीकरण गरिनुपर्छ र यसबाट आएका नतिजा किसानसमक्ष छिटोछिटो पुऱ्याउने बन्दोबस्त मिलाउनुपर्छ । सबै सरकारी कृषि फार्म र जमिनको सदुपयोग गरी अहिले खाना उब्जाउने र भविष्यमा खेतीपातीतर्फ लाग्ने व्यवस्था गरिनुपर्छ । जीवन र जीविकाको मूल आधार कृषि सपार्न दीर्घकालीन रणनीतिको पहल गरिनुपर्छ । यस्तो रणनीतिले मुख्यतः उत्पादनमा अनुदान, किसानलाई राहत, युवालाई कृषिमा आकर्षित गर्ने योजना र  निजी तथा सरकारी खेतीयोग्य बाँझो जमिनको उपयोग गर्नपर्छ ।

खासगरी, वैदेशिक रोजगारीको स्थितिले थपिने सम्भावित अप्ठेरोको कुरा अहिलेलाई थाती नै राख्दा पनि यस्तो रोजगारीबाट फर्केका नेपालीको पेट भर्ने, घरबार चलाउन रोजगारी र आम्दानीको बस्दोबस्त गर्नुपर्नेछ ।

यीसँगै हाम्रो समाजमा विद्यमान असमान रोजगारी र बेरोजगारी, सुशासन, समावेशीकरणका मुद्दा चुनौतीका पहाड बनेर वर्षौंदेखि हाम्रा अगाडि बसिरहेका छन् । यस्ता मुद्दा कोरोना पछिको परिवेशमा अझै बढी चुनौतीपूर्ण बनेर आउने सक्छन् । तसर्थ, समयमै यिनलाई समेत सम्बोधन गर्ने प्रस्ताव ल्याउनुपर्नेछ ।

यत्तिले मात्र अहिले नै संकटग्रस्त हाम्रो अर्थतन्त्र कसरी समाल्न सकिन्छ भन्ने चासो र चिन्ता बढेको छ । त्यसमाथि अझ केही गरी या बन्दाबन्दी झनै बढाउन पऱ्यो भने तत्कालीन खानेकुराको बन्दोबस्तसमेत जोखिममा छ । यसमाथि सलह, फौजीकिरा, छिमेकीसँगको सीमा विवाद र आन्तरिक विवादमा फसेको सरकारले उचित

गति दिन नसक्ने कुराको समेत ख्याल गर्नु वाञ्छनीय हुनेछ भन्ने देखाउँछ ।

यसरी हेर्दा, अवश्य पनि खाद्य उत्पादन प्रणाली रूपान्तरणको स्पष्ट मार्गचित्रविना अघि बढ्न सकिँदैन ।

## ५. निष्कर्ष

बाह्यस्रोतमा आधारित (यसमा रसायन र विषादीका भरमा गरिने खेतीपातीसमेत पर्दछ) को सीमा देखाइदिएको छ । प्रतिष्पर्धा हुने नाममा परनिर्भर हुँदै गएको खाना र खेतीपातीको सोच गलत भएको कुरा पुनः एकपटक पुष्टि गरेको छ ।

खाद्य संकट सम्बोधनको एकमात्र अचुक हतियार स्थानीय विशेषतामा आधारित रैथाने खेतीपाती र यसको स्थानीय बजारको महत्व उजागर गरेको छ । रोजगारी र आम्दानीको एकमात्र भरपर्दो क्षेत्र कृषि र यसको मूल्य श्रृंखला भएको कुरा प्रमाणित गरिदिएको छ ।

बाँझो जग्गाको उपयुक्तताको आधारमा उपयोग गर्ने सोच स्थानीय जनजीविका, खाद्य सुरक्षा, रोजगारी र आम्दानीका लागि निकै महत्वपूर्ण छन् । खासगरी वैदेशिक रोजगारबाट फर्किएका युवालाई खेतीपातीका बहुआयामिक काममा उत्साहित बनाउन प्रकृतितर्फ फर्किने सोचसहितको खेतीप्रणालीमा जोड दिनु आवश्यक छ भन्ने कुरा स्थापित गरिदिएको छ ।

यस्तो खेतीपातीको स्थानीय तहमा खेतीप्रणालीलाई प्रोत्साहन गर्न यसको उत्पादन वितरण प्रणालीमा नयाँ नीति नियम निर्माण गर्ने र भएकालाई सान्दर्भिक बनाउँदै फेरबदल गर्नुपर्ने र कृषि प्रणालीलाई स्थानीय तहमै स्वचालित र अन्तर्निर्भर संयन्त्रको रूपमा विकास गर्ने कुराको विकल्प हुन सक्दैन भन्ने स्पष्ट भएको छ ।

अब व्यावसायिक हुने नाममा गरिएको खानाका लागि नभई पैसाको लागि गर्ने खेती प्रणालीमा परिवर्तन गर्ने र आधुनिक विकासको अन्ध नक्कल र एकलकाँटे नीतिसमेत पुनर्विचार गर्नुपर्ने भएको छ । विकसित हुने नाममा गरिएको स्रोतहरुको दोहन र प्रतिष्पर्धाको हतारोमा पुनर्विचार गर्दै आलोचनात्मक चेत बढाउने रणनीति र कार्यविधि अपनाउनुपर्ने बेला भएको छ ।

अहिले समूह, सहकार्य तथा सहकारिताको महत्व ह्वात्तै बढेको छ । स्वावलम्बी र स्वचालित संस्थामा जोड दिने र प्रविधि, प्रवृत्ति र प्रकृतिमा आएको फेरबदल आत्मसात् गर्दै अहिलेको सामाजिक र आर्थिक परिवेशमा उपयुक्त संरचना पुनर्गठनमा पहल गर्न ढिला हुँदैछ भन्नेसमेत देखाएको छ ।

धन्यवादः यो लेख तयार पार्न गरिएको खोजी कार्यमा सहयोग गर्ने शारदा थापा, जीवन शाही, सुरेन्द्र केसी लगायत यस विषयमा गरिएका छलफल तथा अन्तर्क्रियामा सहभागी सबैलाई धन्यवाद दिन चाहन्छौ ।

## ६. सन्दर्भ सामग्रीहरु

Bhandari. 2077. लकडाउनः कृषिलाई पुनर्जीवित गर्ने अवसर https://www.setopati.com/opinion/_203974?fbclid=IwAR2P4fRBj9g8ibqbUURs4UBvHPOKUvihpCopGoguRSrOyU6CnzG63rxu6IE

Mohamed E. El Zowaljty, Sean G. Young & Josef D. Järhult. 2020 Environmental impact of the COVID-19 pandemic – a lesson for the future, Infection Ecology & Epidemiology, 10:1,

NRB. 2020. Current Macroeconomic and Financial Situation (Based on 9 months data of 2019/20). Nepal Rastra Bank.

https://archive.nrb.org.np/ofg/current_macroeconomic/Current%20Macroeconomic%20and%20Financial%20Situation-English%20(Based%20on%20Nine%20Months%20Data%20of%202019.20)..pdf

Kotar, S.L. and Gessler, J.E. 2014. Cholera: A Worldwide History. McFarljnd.

Lee K.N. 1994. *Compass and Gyroscope: Integrating Science and Politics for the Environment*. Isljnd Press.

Welford, M., 2018. Geographies of Pljgue Pandemics: The Spatial-Temporal Behavior of Pljgue to the Modern Day. Routledge.

Wiedmann, T., Lenzen, M., Keyßer, L. T., & Steinberger, J. K. (2020). Scientists' warning on affluence. *Nature communications*, 11(1), 1-10.